**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः २ मितिः २०८०/०१/२५

**भाग-२**

## स्नातक तह छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८०

**जैमिनी नगरपालिका**

# स्नातक तह छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०१/२५**

प्रस्तावनाः

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ को क्रमसङ्ख्या ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (ज) को १६ को व्यवस्थालाई कार्यान्वयन गर्न जैमिनी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी जैमिनी नगर कार्यपालिकाले स्नातक तह छात्रवृत्ति सम्बन्धि मापदण्ड, २०८० स्वीकृत गरी जारी गरेको छ।

## परिच्छेदः एक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यो मापदण्डको नाम स्नातक तह छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८० रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषाः

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "नगरपालिका" भन्नाले जैमिनी नगरपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले जैमिनी नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "प्रमुख भन्नाले" जैमिनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "शिक्षा शाखाको प्रमुख" भन्नाले जैमिनी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको शाखा प्रमुखको रुपमा कार्यरत उप सचिव सम्झनु पर्दछ ।

(ङ) "छात्रवृत्ति" भन्नाले यसै मापदण्डले तोकेका आधार अनुसार छनौट भएका विद्यार्थीहरुलाई क्याम्पसले निःशुल्क अध्ययन गर्नको लागि प्रदान गरेको सुविधालाई सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

स्नातक तह छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८०

(छ) "शिक्षा अधिकृत" भन्नाले जैमिनी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत अधिकृत कर्मचारीलाई सम्झनु पर्दछ ।

(ज) "शिक्षा शाखा" भन्नाले जैमिनी नगरपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखालाइ सम्झनु पर्दछ ।

(झ) "क्याम्पस" भन्नाले शान्तिदीप बहुमुखी क्याम्पस जैमिनी-१ कुश्मीसेरालाई सम्झनु पर्दछ ।

(ञ) "स्नातक तह स्तरीय छात्रवृत्ति समिति" भन्नाले यस कार्यविधीको दफा ४.२.१ बमोजिम गठन हुने स्नातक तहको छात्रवृत्ति वितरण समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेदः दुई

**३. उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरु निम्नलिखित रहेका छन्।

(१) छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी र व्यवस्थित बनाउनु,

(२) लक्षित वर्गका विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु,

(३) छात्रवृत्ति व्यवस्थापनसगँ सम्बन्धित निकायहरुको भूमिका स्पष्ट पार्नु,

(४) छात्रवास व्यवस्थापन कार्यक्रमलाई व्यवस्थित गर्नु ।

## परिच्छेद: तीन

४. समिति सम्बन्धी व्यवस्था

(१) क्याम्पस वा सो तहको छात्रवृत्ति निर्धारण समिति सम्बन्धी व्यवस्थाः क्याम्पसमा छात्रवृत्ति कोटा निर्धारण, छनौट र वितरण गर्न देहायका सदस्यहरु रेहेको एक छात्रवृत्ति निर्धारण समितिको गठन गर्नुपर्नेछ ।

क) नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख- संयोजक

ख) सम्बन्धित वडाको वडा अध्यक्ष सदस्य

ग) क्याम्पस व्यवस्थापन समितिको अध्यक्ष सदस्य

स्नातक तह छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८०

घ) नगर कार्यपालिका सदस्य मध्येबाट नगरप्रमुखले तोकेको १ जना सदस्य

ङ) सम्बन्धित क्याम्पसको क्याम्पस प्रमुख सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी व्यवस्था: समितिको बैठक आवश्यकताअनुसार बस्नेछ । बैठक सम्बन्धी कार्यविधी समिति आफैले व्यवस्थित गर्न सक्नेछ।समितिले बैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्नसक्नेछ ।

(३) छात्रवृत्ति निर्धारण समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम रहने छ।

क) क्याम्पसले चालु शैक्षिक सत्रको तहगत (प्रथम/दोस्रो/तेस्रो/चतुर्थ वर्ष) र कक्षागत लक्षित विद्यार्थी सङ्ख्याको तोकिएको छात्रवृत्ति कोटा एकिन गर्ने र सोको जानकारी शैक्षिक सत्र सुरु भएको २ महिनाभित्र नगरपालिकामा पेश गर्ने ।

ख) नगरपालिकाले दिएको निर्देशन अनुसार क्याम्पसले सार्वजनिक सुचना प्रकाशन गरी आवेदन लिने व्यवस्था गर्ने।

ग) प्राप्त आवेदनहरु छानविन गरी नगरपालिकाको समन्वयमा परीक्षा समिति गठन गर्ने र परीक्षाको मिति तोकी परीक्षा सञ्चालन गर्ने।

घ) परीक्षामा उत्तिर्ण हुनेहरुको हकमा कक्षागत र तहगत आरक्षित समुहको योग्यताक्रमको आधारमा छात्रवृत्तिको अन्तिम नामावली सहितको नतिजा तयार गरी नगरपालिका तथा क्याम्पसको Website साथै स्थानीय पत्रपत्रिका वा अन्य सञ्चार माध्यम मार्फत सार्वजनिकिकरण गर्ने।

ङ) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरुलाई निःशुल्क शिक्षा प्राप्त हुने व्यवस्था मिलाउने।

च) यसरी छात्रवृत्ति वितरण गर्दा पूर्ण छात्रवृत्तिको हिसाबले हुन आउने जम्मा (निर्धारित कोटा) विद्यार्थी सङ्ख्याको परिमाण नघट्ने गरी पूर्ण वा आंशिक वा दुवै खालको छात्रवृत्ति प्रदान गर्न सकिने।

छ) यस मापदण्डमा अन्यत्र लेखिएको विषयमा बाहेक छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरुलाई निजको मञ्जुरी बेगर आवास, भोजन, यातायात जस्ता विषयमा सेवा लिनैपर्ने, बस्नैपर्ने जस्ता बाध्यात्मक परिस्थिति सिर्जना नगर्ने व्यवस्था गर्ने ।

ज) परिच्छेद चारको दफा ५ को उपदफा (१) अनुसारको व्यवस्था भए नभएको एकिन गर्ने।

झ) छात्रवृत्ति प्रदान गरेको प्रक्रिया तथा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको नामनामेसी विवरण शैक्षिक सत्र शुरु भएको साठी दिनभित्र सोको प्रतिवेदन सहित नगरपालिकामा अनिवार्य रुपमा पेश गर्ने ।

(४) क्याम्पसको छात्र/छात्रावासमा बसि स्नातक तह अध्ययन गर्ने विद्यार्थिहरुको लागि आवास व्यवस्थापन गर्न नगरपालिकाबाट बिनियोजित आ.ब. २०७९।०८० को वजेट रु. ५०००००।- मध्येबाट छात्रावासको कोठा, शौचालय निर्माण र छात्रावासमा बस्ने विद्यार्थीहरुको लागि बेड,

स्नातक तह छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८०

बेडसेट, तन्ना, पर्दा, लगायतका सामाग्रीको व्यवस्थापन गर्ने, छात्रावासमा एक चमेनागृहको व्यवस्थापन मिलाउने र कुक तथा सहयोगी व्यवस्थापन गर्ने, छात्रावासमा एक सभा हल व्यवस्थापन गर्ने र सबै विद्यार्थिको लागि पढ्न मिल्ने फर्निचर तथा फर्निसिङको व्यवस्थापन गर्ने कार्यहरु गरी नियमित रुपमा छात्रावास संचालनको व्यबस्था मिलाउनु पर्नेछ ।

<u>**परिच्छेद: चार**</u>

**५. छात्रवृत्ति कोटा निर्धारण सम्बन्धी व्यवस्था**

(१) क्याम्पसले चालु शैक्षिक सत्रमा स्नातक तह प्रथम बर्षमा भर्ना भइ र क्रमशः दोश्रो, तेश्रो र चौथो बर्षमा समेत निरन्तरता दिने अध्ययनरत कुल विद्यार्थी मध्ये ८ जना कोटामा प्रति विद्यार्थी प्रति महिना रु. ६०००।- (छ हजार रुपैया मात्र) का दरले १० महिनाको रकम उपलव्ध गराउने र छात्रवृत्ति प्राप्त गर्ने छात्राहरु अनिवार्य रुपमा छात्रावासमा बस्नु पर्नेछ । तर छात्रावासमा अध्ययन गर्ने विद्यार्थीहरुको हकमा ७५% आंसिक छात्रवृत्ति मात्र उपलव्ध गराइने छ र पूर्ण छात्रवृत्तिको ८ कोटालाई आंसिक छात्रवृत्ति बनाउदा कोटा बढ्न सक्नेछ ।

(२) विद्यार्थी छात्रवृत्तिको ८ जनाको कोटाबाट २५% उत्कृष्ट र दलित, लोपोन्मुख, बिपन्न, एवम् अल्पसङ्ख्यक वा सिमान्तकृतको हकमा ७५% का दरले छात्रवृत्ति कोटा निर्धारण गर्नुपर्नेछ, यसरी आरक्षित गरिएको कोटा अन्तरगत विद्यार्थीको आवश्यक आवेदन नपरेमा सो कोटाको छात्रवृत्ति अन्य कोटा अन्तर्गत दिनुपर्नेछ र स्नातक प्रथम वर्षको छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा सोही वर्षमा भर्ना भएका विद्यार्थीहरु मध्ये सामुदायिक विद्यालयबाट कक्षा १२ उत्तिर्ण गरेका विद्यार्थीहरुलाई ५०% भन्दा कम नहुने गरी समानुपातिक रुपमा वितरण गर्नुपर्नेछ ।

यसरी छुट्टाइएको कोटा प्रत्येक तहमा समान सङ्ख्यामा हुने गरी व्यवस्था हुनेछ । प्रथम वर्षमा छनौट भएको विद्यार्थीले सबै तहमा छात्रवृत्ति प्राप्त गर्न सक्नेछ तर बिचमै पढाई छाडेमा वा ५०% भन्दा कम हाजीरी भएमा छात्रवृत्ति प्रदान गर्न बाध्य हुनेछैन ।

६. छात्रवृत्तिमा विद्यार्थी छनौट गर्ने प्रकृया

(१) क्याम्पसले दफा ५ को उपदफा (१) अनुसार चालु शैक्षिक सत्रको विद्यार्थी सङ्ख्याको आधारमा निर्धारित कोटा सङ्ख्या शैक्षिक सत्र सुरु भएको एक महिनाभित्र सम्बन्धित क्याम्पसले नै सार्वजनिक सूचना जारी गरी आवेदन लिने व्यवस्था मिलाउनु पर्नेछ। त्यसरी आवेदन लिंदा विद्यार्थीको स्थायी ठेगाना भएको सम्बन्धित वडा कार्यालयको सिफारिस पेश गर्न लगाउनुपर्नेछ।

स्नातक तह छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८०

(२) क्याम्पसले यसरी प्राप्त आवेदनहरु छानविन गरी आवेदकहरुको सूची प्रकाशन गर्ने र छात्रवृत्ति आरक्षणको परिधिमा रहि योग्यताक्रम कायम गरी नतिजा प्रकाशन गर्नुपर्नेछ।

(३) विद्यार्थीले छात्रवृत्तिको लागि दिने निवेदनको ढाँचा अनुसुची –१ बमोजिम हुनेछ ।

(४) निवेदन साथ अनुसुची २ बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

७. छात्रवृत्ति छनौट परिक्षाको किसिम

(१) स्नातक तह प्रथम वर्षको छात्रवृत्ति छनौटको लागि कुल १०० पूर्णाङ्कको आधार लिनु गर्नुपर्नेछ ।

क) छात्रवृत्ति छनौटका लागि लिइने लिखित परीक्षाको भार ५०%,

ख) विद्यार्थीले प्राप्त गरेको औसत स्तरिकृत अंक (GPA) को भार ३०% (जस अन्तर्गत ३.० र सो भन्दा माथी ३०%, २.५ देखि २.९ सम्म २७%, २.० देखि २.४ सम्म २५% र सो भन्दा तल २२%)

ग) अवस्था विश्लेषण २०% (जस अन्तर्गत अल्पसङ्ख्यक वा सिमान्तकृत वा लोपोन्मुख २० अंक, दलित १८ अंक, विपन्न १६ अंक र अन्य १४ अंक)

(२) आवश्यकता अनुसार थप अन्य परीक्षाको विधिहरु पनि अपनाउन सकिनेछ ।

(३) तोकिएको कोटा भित्र तोकिएको भन्दा कम वा कोटा अनुसारकै मात्र आवेदन परेमा आवेदकहरुको लिखित परीक्षाको सट्टा अन्तरवार्ताको आधारमा मात्र पनि छनौट गर्न सकिनेछ।

(४) कोटा रिक्त भएमा सबै तहको (वर्षको) छनौटको आधार एउटै प्रकृयाबाट हुनेछ ।

८. विशेष अधिकार

(१) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि छात्रवृत्ति छनौटका लागि क्याम्पस स्तरमा परीक्षा सञ्चालन गर्ने लगायतका अन्य विषयमा समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

९. छात्रवृत्ति नपाउने अवस्था

निम्न अवस्थामा प्रथम वर्ष र माथिल्लो तहमा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुनेछैन।

क) अन्य निकाय/स्रोतबाट पूर्ण छात्रवृत्ति प्राप्त गरेको अवस्थामा

ख) जम्मा क्याम्पस खुलेको दिनको ५०% हाजिरी नभएमा

ग) कक्षा उत्तिर्ण गर्न नसकेमा तर अल्पसंख्यक वा सिमान्तकृत, दलित, बिपन्नको हकमा लागु हुनेछैन ।

घ) गलत वा झुठा विवरण भरेको प्रमाणित भएमा

स्नातक तह छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८०

ङ) प्रचलित कानुन र क्याम्पसले तय गरेको आचारसंहिता उल्लघंन गरेको प्रमाणित भएमा

१०. छात्रवृत्तिमा निरन्तरता

दफा ९ को अवस्था नभएमा स्नातक प्रथम वर्षमा छनौट भएको विद्यार्थीले सबै वर्षमा निरन्तर छात्रवृत्ति पाउनेछ। तर जेहेन्दार (उत्कृष्ट) विद्यार्थीको हकमा यो व्यवस्था लागु हुनेछैन ।

११. कार्यसम्पन्न गर्ने अवधि

(१) छात्रवृत्ति छनौट कार्य शैक्षिक सत्र शुरु भएको दुई महिनाभित्र कार्यसम्पन्न गरी सक्नुपर्नेछ ।

(२) छात्रवृत्ति छनौट सम्बन्धी कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्ने अवधि स्नातक तह प्रथम वर्षको हकमा भर्ना अवधि सकिएको एक महिनाभित्र र दोस्रो, तेस्रो र चौथो वर्षहरुको हकमा अघिल्लो वर्षको नतिजा आएको एक महिनाभित्र हुनेछ ।

(३) छात्रवृत्ति व्यवस्थापन कार्ययोजना अनुसुची ३ बमोजिम हुनेछ ।

## परिच्छेदः पाँच

### ६. विविध

(१) यस मापदण्ड बमोजिम हुनेः

क) नगरपालिकाले क्यामपसमा वितरण गर्ने छात्रवृत्ति यस मापदण्ड बमोजिम हुनेछ।

ख) नेपाल सरकारले उपलब्ध गराउने छात्रवृत्ति सोही निर्देशिका बमोजिम हुनेछ।

ग) नगरपालिकाले उपलब्ध गराउने आवास व्यवस्थापन छात्रवृत्ति समेत यस मापदण्ड बमोजिम हुनेछ।

(२) जिम्मेवार हुनुपर्नेः

क) नगरपालिका तथा क्याम्पस तहको छात्रवृत्तिको व्यवस्थापनका लागि बैठक बोलाउने, कोटा एकिन गर्ने, परीक्षा सञ्चालन गर्ने, नतिजा प्रकाशन गर्ने तथा सिफारिस लगायतका काम समयमै सम्पन्न गर्नको लागि नगरपालिकाको हकमा शिक्षा शाखा प्रमुख तथा क्याम्पसको हकमा क्याम्पस प्रमुखको जिम्मेवारी रहनेछ।

(३) बैठक भत्ताः छात्रवृत्ति व्यवस्थापन समिति, छात्रवृत्ति छनौट परीक्षा समिति तथा सो अन्तर्गत बनेका उपसमितका सदस्य, आमन्त्रित सदस्य तथा सो काममा खटिने कर्मचारीले क्याम्पस व्यबस्थापन समितिले तोकिदिए बमोजिमको बैठक भत्ता र सुविधा पाउनेछन् ।

(४) अनुसुचीमा हेरफेरः यस मापदडमा रहेका अनुसुचिमा लेखिएको विषयवस्तुका अतिरिक्त अन्य विषयहरु थपघट गर्न आवश्यक देखिएमा नगरकार्यपालिकाले अन्य विषयवस्तु थपघट तथा हेरफेर गर्न सक्नेछ।

स्नातक तह छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८०

(५) बाधा अड्काउ सम्बन्धि व्यवस्थाः

क) यो मापदण्ड कार्यान्वयनको क्रममा बाधा अड्काउ पर्न आएमा नगरकार्यपालिकाले आवश्यक आदेश जारी गर्न सक्नेछ।

(६) मापदण्ड संशोधन

क) यस मापदण्डमा नगरकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

स्नातक तह छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८०

## अनुसूची १
## विद्यार्थीले आवेदन दिने ढाँचा

१. विद्यार्थीको नाम:

२. विद्यार्थीको हाल वसोवास गर्दै आएको ठेगाना: क) प्रदेश: ख) जिल्ला:
ग) स्थानीय तहको नाम: घ) वडा नं.: ङ) गाउँ/टोल:

३. अभिभावकको नाम थर:
क) बाबुको नाम थर: ख) पेशा:
ग) आमाको नाम थर: घ) पेशा:

४. विद्यार्थी वा निजको अभिभावकको मोवाइल नं.:

५. यस अघि कुनै छात्रवृत्ति पाए नपाएको:

६. एस.इ.इ. वा सो सरह र कक्षा १२ वा सो सरह उत्तिर्ण विद्यालयको नाम, ठेगाना:

७. आवेदन दिन चाहेको तह र कक्षा:

८. अघिल्लो कक्षाको उत्तिर्ण प्रतिशत वा जिपिए:

९. कक्षा १२ को सिम्वोल नम्वर: (स्नातक प्रथम वर्षको लागि मात्र)

१०. हाल अध्ययनरत क्याम्पसको नाम:

११. एकाघर सगोलमा रहेको परिवारको कुनै सदस्यको पेशा, व्यवसाय वा नोकरी भए वा नभएको:

१२. आफुले कुन समूहबाट आवेदन दिन चाहेको हो? (कुनै एक कोठामा रेजा चिन्ह लगाउनुहोस)
क) उत्कृष्ट तथा जेहेन्दार ख) दलित
ग) अल्पसङ्ख्यक वा सिमान्तकृत वा लोपोन्मुख घ) बिपन्न

१३. विद्यार्थीको परिवारको अनुमानित वार्षिक आय:

माथी उल्लेखित व्यहोरा ठिक साँचो छन् फरक परे कानून बमोजिम सहुँला, बुझाउँला।

आवेदकको हस्ताक्षर:

स्थायी ठेगाना:

इति वि.सं............ साल ..........महिना......गते.......रोज् शुभम

स्नातक तह छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८०

## अनुसुची २

**(आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुको विवरण)**

१. अघिल्लो कक्षा उत्तिर्ण गरेको लब्धांक पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी,
२. जनजाती दलित, अल्पसंख्यक वा सिमान्तकृत वा लोपोन्मुखको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपि
३. विद्यार्थी स्थायी रुपमा बसोबास गर्दै आएको वडा कार्यालयको सिफारिस पत्र
४. नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

## अनुसुची ३

१. सुचीकृत अल्पसङ्ख्यक वा सिमान्तकृत वा लोपोन्मुख जातजाती भन्नाले सूचीकृत आदिबासी जनजाती वर्गीकरण आधारमा राष्ट्रिय जनगणना २०११ को तथ्यांक अनुसार हुनेछ ।
२. विपन्न भन्नालेः आफ्नो आर्थिक अवस्था कमजोर भएको, न्युनतम क्यालोरी पूरा हुनेगरी खान नपुग्ने, नियमित स्थायी आम्दानीको श्रोत नभएको, आफ्नो आम्दानीले प्रयाप्त खान, लाउन, बस्न र शिक्षा, स्वास्थ्य उपचार गराउन नपुग्ने भै मासिक आय रु.१०,०००।- भन्दा कम आय भएको परिवार भनि वडा कार्यालयबाट प्रमाणित भएको परिवारलाई जनाउने छ ।

आज्ञाले
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

स्नातक तह छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८०